## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०९/२९ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरणः-

| सि.न. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **सचिन कुमार भदैसवार** (विशेष अदालत मुद्दा नं. : (०७९-CR-०१५०)<br><br>फैसला मितिः- २०८०/१२/२५ | घुस/रिसवत रकम लिई भ्रष्टाचार गरेको | प्रतिवादी सचिन कुमार भदैसवारले उजुरीकर्ता मिर्चैया १(२०८०) बाट रु.९,०००।- घुस/रिसवत लिई भ्रष्टाचारजन्य कार्य गरी निजले कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) मा उल्लेखित कसूर गरेको हुँदा निज प्रतिवादी सचिन कुमार भदैसवार उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (क) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन। | **फैसलाः-**<br>प्रतिवादीले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/१२/२५मा फैसला भएको ।<br><br>विशेष अदालत काठमाडौंले प्रतिवादीलाई सफाई दिने गरी **<u>फैसला गर्दा निम्न आधार ग्रहण</u>** गरेको देखिन्छः<br>(क) उजुरीकर्ताले जवर्जस्ती करणी मुद्दाको जाहेरी दर्ता गर्न चाहेको, प्रतिवादी सेवा प्रदायक भएको नै देखिन आएको भएतापनि निज प्रहरी सहायक निरीक्षक पदको हुँदा जाहेरी दर्ता गर्ने वा नगर्ने निर्णायक पदमा रहेको भन्न नमिल्ने, परमादेशको पालन गर्नु ईलाका प्रहरी कार्यालय मिर्चैयाका लागि अनिवार्य कर्तव्य भएको हुँदा निवेदकले रिसवत दिनुपर्ने अवस्था पनि देखिन नआएको।<br>(ख) अनुसन्धान अधिकारी समक्षको बयानको आधारमा निवेदकको यस अदालत समक्षको बकपत्रमा एकैनासको नभई प्रतिकूल व्यहोरा नै परेको देखिएको र प्रतिवादीलाई जसरी पनि फँसाउनु पर्छ भन्ने निवेदकमा भावना रहेको स्पष्ट हुन आउने । | (क) प्रस्तुत मुद्दामा प्रतिवादीले मौकाको बयानमा आफू ईलाका प्रहरी कार्यालय मिर्चैया सिराहाको मुद्धा फाँटको कामसमेत गर्दै आएको, निवेदक मिर्चैया १(२०८०) ले जवरजस्ती करणी उद्योगको कसूरको जाहेरी दर्ता गराउने विषयमा पटक पटक कुराकानी गरेको, सो निवेदन दर्ता गराउन सहजिकरण गरिदिने कुरा गरेको, सो विषयमा बेलाबेलामा निजले आफूलाई भेटेर र फोनबाट पनि कुराकानी गर्ने गरेकी, निजलाई मैले पनि फोनबाट सो विषयमा कुराकानी गर्ने गरेको थिएँ, निजले मेरो परमादेश छिटो दर्ता गराइदिनुहोस् भन्दा म कार्यालयबाट कर्मचारी खटाई परमादेशको फाईल ल्याई दिने छु भनेको थिएँ, मिति २०७९।१२।३० गते उजुरीकर्ता मिर्चैया १(२०८०) ले मेरो पाईन्टको दाहिने खल्तिमा रुपैयाँ राखिदिएकीमा मैले उक्त पैसा हतार हतार गोजीबाट निकाली भुईंमा फालेकोमा केही समयपछि अख्तियारको टोलीले मलाई नियन्त्रणमा लिई उक्त रकम बरामद गरेको थियो।सो मिति २०७९।१२।३० को मेरो साथबाट रकम बरामद गर्दाको भिडियोमा भएको फोटो म समेतको हो। मिसिलसाथ संलग्न निवेदकबाट घुस/रिसवत लिनुअघि निज निवेदक मिर्चैया १(२०८०) संग वार्तालाप गर्ने क्रममा भएको संवाद कुराकानीको अडियो रेकर्डबाट उतार गरी तयार गरेको लिपी लेखन(स्क्रिप्ट) मा भएको संवाद म समेतको हो भन्ने समेत व्यहोराको आफूले निवेदकलाई निवेदन दर्ता गरिदिने विषयमा कुराकानी गरेका कारण निजबाट सो रकम प्राप्त गरेको तथ्यमा साबित रही बयान गरेबाट निज प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि भैरहेको अवस्था छ।<br>(ख) प्रतिवादीबाट घुस/रिसवत बरामदी हुनु भन्दा अघिदेखि नै निवेदक मिर्चैया १(२०८०) र प्रतिवादीबीच पटक पटक फोन सम्बाद भएको Call details बाट देखिएको, मिसिल सामेल अडियो रेकर्डबाट उतार गरी तयार गरेको लिपी लेखन (स्क्रिप्ट) मा निवेदकले प्रतिवादीलाई *"नौ हजार ल्याएँ...", भनेको, प्रतिवादीले "म मुद्धा दर्ता गरी दिन्छु मेयर साब लाई पनि फोन गर्न लगाउनु" ..."तपाईंको काम हुदैन थियो मैले पुलिस पठएर काम गर्दिराछु, ल तपाई आउनु म मुद्धा दर्ता गरिदिन्छु ..."* भनेको अवस्था देखिन्छ र प्रतिवादीले निवेदकलाई आफै नै सो जाहेरी/मुद्दा दर्ताकर्तकै रुपमा प्रस्तुत गर्दै निवेदकलाई सो घुस/रिसवत आफूलाई दिन बाध्य बनाएको र लिएको तथ्य समेत पुष्टि भैरहेको छ ।प्रतिवादीले परमादेश समेतका विषयमा पहिल्यै जानकारी पाईसकेको अवस्था निजको मौकाको र अदालतको बयानबाट पुष्टि भैरहेकोमा निजले सो जाहेरी/मुद्दा दायर गर्ने सम्बन्धमा आफ्नो कार्यलयको दायित्व र प्रक्रिया एवम् आफू स्वयम्को पदीय दायित्व र अधिकारको सम्बन्धमा प्रष्ट जानकारी हुँदा हुँदै सो निवेदकलाई गलत तवरबाट प्रभावमा पारी घुस/रिसवत लिएको तथ्य पुष्टि भई प्रतिवादी कसूरदार रहेको पुष्टि भैरहेकोमा निजलाई आरोपदाबी बमोजिम सजाय गर्नुपर्नेमा निज प्रतिवादीलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>(ग) प्रस्तुत मुद्दामा प्रतिवादी सचिन कुमार भदैसवारले अदालतमा बयान गर्दा निवेदकसंग आफ्नो कुनै रिसइबी नभएको भनी उल्लेख गरेको (स.ज.८ तथा १९ समेतमा) अवस्था छ भने लगाउको मुद्दामा निज निवेदकले समेत (स.ज. ८ मा) आफ्नो यी प्रतिवादी सचिन कुमार भदैसवारसंग कुनै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रिसइबी नभएको भनी उल्लेख गरेबाट निवेदकले प्रतिवादी उपर रिसइबीका कारण फसाउने नियतले सो रकम दिएको भन्ने प्रतिवादीको जिकीर खण्डित भई फैसलाले लिएको "*प्रतिवादीलाई जसरी पनि फँसाउनु पर्छ भन्ने निवेदकमा भावना रहेको स्पष्ट हुन आउने*" भन्ने आधार समेत वस्तुनिष्ठ र प्रमाणिक रुपमा पुष्टि हुन सकेको अवस्था देखिंदैन ।<br>(घ) प्रतिवादीले आफूले मिसिल संलग्न कल डिटेल्स तथा अडियो स्क्रिप्ट राइटिङ्गको सार संक्षेप उतारलाई अदालतको बयानमा समेत अन्यथा भन्न सकेको देखिंदैन भने सो अडियो स्क्रिप्ट राइटिङ्गमा निज र पीडितबीच भएको संवाद व्यहोराबाट यी प्रतिवादी र निवेदकबीच जाहेरी/मुद्दा दर्ताको विषय तथा रकमको विषय समेत उल्लेख भएबाट प्रतिवादीले उक्त जाहेरी/मुद्दा दर्ता तथा परमादेशका सम्बन्धमा आफूलाई थाहा नभएको भनी गरेको बयान व्यहोरा र सो समेतलाई आधार लिई निजलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>(ङ) मिसिल संलग्न उजुरी निवेदन, खानतलासी बरामदी मुचुल्का, प्रतिवेदक/मुचुल्काका मानिसहरुले प्रतिवेदन/मुचुल्कालाई सनाखत र समर्थित गर्दै गरेको बकपत्र, प्रतिवादी सचिन कुमार भदैसवार र उजुरीकर्ता नाम परिबर्तित मिर्चैया १(२०८०)ले गरेको बयान साथै अडियो रेकर्डको स्क्रिप्ट राईटिङ्ग र डि.भि.डि. भिडियो समेतबाट प्रतिवादी सचिन कुमार भदैसवारले उजुरीकर्ता मिर्चैया १(२०८०) लाई बाध्य पारी निज उजुरीकर्ता मिर्चैया १(२०८०) संग लिएको रु.९,०००।- (नौ हजार) घुस/रिसवत सहित पक्राउ परी आरोपदाबीको कसूर गरेको तथ्य पुष्टि भैरहेकोमा समयान्तरमा निवेदकले विभिन्न प्रभाव वा दबाब वा अबान्छित स्वार्थका कारण प्रतिकूल बकपत्र गरेकोमा निज उजुरीकर्ता मिर्चैया १(२०८०) उपर समेत सोही विषयमा छुट्टै आरोपपत्र समेत दायर गरिएको स्थिति रहेको तथा निजले निजको सो प्रतिकूल बकपत्र पुष्टि हुने कुनै आधार प्रमाण पेश गर्न नसकेको अवस्थामा मिसिल संलग्न आधार प्रमाणको समूचित मूल्याङ्कन र विश्लेषण बिनै निज प्रतिवादीलाई सफाई दिनेगरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको देखिन्छ । |